कम्पनी दर्ता नं. १२८३६७/२०७१/०७/२७

ने.रा. बैंक/इ.पा./"घ"/४३/०७१/७२

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको वित्तीय संस्था, १० जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय, इटहरी

केन्द्रीय कार्यालय फोन
०२५-५८८१७७,
०२५-५८८१७८
शाखा फोन :

प.सं. ०७५/७६
च.नं. १२४२

मिति : २०७५।११।२८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
काठमाण्डौं, नेपाल ।

विषय : **जानकारी पठाइएको सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा यस सर्पोट माइक्रोफाइनान्स वित्तीय संस्था लि.को सञ्चालक समितिको मिति २०७५।११।२७ गते सोमबारका दिन अपरान्ह ४:३० बजे बसेको बैठक नं १२७ बाट संस्थाको चौथो वार्षिक साधारण सभा मिति २०७५।१२।२३ गते शनिवारका दिन बिहान ११.०० बजे, माँ कामख्या होटल त्रियुगा, आइतबारे, इटहरी-६, सुनसरीमा बस्ने, साधारण सभामा निम्न बमोजिमका प्रस्तावहरु लैजाने र साधारण सभा तथा सञ्चालक पदको निर्वाचन प्रयोजनका लागि मिति २०७५।१२।०७ गते देखि साधारण सभा सम्पन्न हुने मिति २०७५।१२।२३ गते सम्म शेयर कारोबार दाखिल खारेज बन्द(बुक क्लोज) गर्ने बारे सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय भएकोले तहाँको आवश्यक जानकारीको लागि यो पत्र पठाइएको व्यहोरा अनुरोध छ ।

**साधारण सभामा प्रस्तुत गरिने प्रस्तावहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्न पेश गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तसम्मको वासलात, आ.व.२०७४/०७५ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिर्वतन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

(३) आ.व.२०७५/०७६ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

(४) सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्न दुई जना सञ्चालक पदको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी रु ६,००,००,०००।- अक्षरेपी रु छ करोड रुँपैया) लाई वृद्धि गरी रु १०,००,००,०००।- (अक्षरेपी रु दश करोड रुँपैया) बनाउन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

(२) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ग) मा हाल कायम रहेको चुक्ता पुँजी रु ६,००,००,०००।- (अक्षरेपी रु छ करोड रुँपैया) लाई ३ : २ (तीन कित्ता बराबर दुई कित्ता)अनुपातमा हकप्रद शेयर जारी गरी चुक्ता पुँजी रु १०,००,००,०००।-(अक्षरेपी रु दश करोड रुँपैया) बनाउन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

(३) संस्थाको नाम परिवर्तन गर्ने सम्बन्धमा ।

(४) संस्थाको केन्द्रीय कार्यालयको ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।

कम्पनी दर्ता नं. १२८३६७/२०७१/०७/२७ ने.रा. बैंक/इ.पा./"घ"/४३/०७१/७२ केन्द्रीय कार्यालय फोन : ०२५-५८८१७७, ०२५-५८८१३८ शाखा फोन :

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको वित्तीय संस्था, १० जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय, इटहरी

प.स.:

च.नं.:

मिति : ..................

(५) संस्थाको प्रबन्ध पत्रको दफा ५ वित्तीय संस्थाको उदेश्य प्राप्त गर्न गरिने कामहरुको उपदफा "(न) विमा अभिकर्त्ता भई काम गर्ने" र "(त) विप्रेषण तथा विद्युतीय मुद्रा सम्बन्धी कार्य गर्ने" थप गर्ने सम्बन्धमा ।

(६) यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने/गराउने तथा उक्त कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिमा अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(७) संस्थाको प्रबन्धपत्र, नियमावली तथा शेयर लगतमा संस्थापक शेयरधनीको संख्या फरक रहेकोले संशोधन गर्ने सम्बन्धमा ।

(८) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(९) माथि उल्लेखित विशेष प्रस्तावहरु पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्बन्धमा नियमनकारी निकायहरुबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**भवदीय,**

कुलमणि तिम्सीना
कम्पनी सचिव

**बोधार्थ :**

१) नेपाल धितोपत्र बोर्ड, ललितपुर, काठमाण्डौं ।
२) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, काठमाण्डौं ।
३) एनआईबिएल एस क्यापिटल लिमिटेड, काठमाण्डौं ।
४) कम्पनी रजिष्ट्रार कार्यालय, काठमाण्डौं ।
५) नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं ।